# दुई करोड २६ लाखमा विद्यालय भवन निर्माण

विदुर । नुवाकोटको दुप्चेश्वर गाउँपालिका वडा नं. ६ करेजुङ्ग स्थित नवज्योति आधारभूत विद्यालयमा नवनिर्मित भवनहरू सप्रोस नेपालका कार्यकारी निर्देशक डा. सुनित अधिकारीले दुप्चेश्वर गाउँपालिकाका अध्यक्ष योविन्द्रसिंह तामाङलाई हस्तान्तरण गरेका छन् ।

बिहिवार विद्यलायमा भएको कार्यक्रममा प्रमाण-पत्र र नमूना साँचो हस्तान्तरण पश्चात दुप्चेश्वर गाउँपालिका, ६ नं. वडा कार्यालय, विद्यालय तथा सप्रोस नेपालको भूमिका तथा कार्य जिम्मेवारीहरू उल्लेख गरी सम्बन्धित सवै पक्षको हस्ताक्षर सहितको सहमति-पत्र आदानप्रदान भएको थियो । सो कार्यक्रममा अभिभावक, विद्यार्थी, समाजसेवी, विद्यालय भवन निर्माणमा प्रत्यक्ष सम्लग्न मट म्याकडोनाल्ड, जिइओसिई कन्सल्ट्यान्ट, सप्रोस नेपाल, गाउँपालिका कार्यालयका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा अन्य प्रतिनिधहरूको उपस्थिति थियो ।

कार्यक्रममा सप्रोस नेपालको तर्फबाट विद्यालय भवन निर्माण कार्यक्रम संयोजक केशबबाबु पौडेलले भवन निर्माण परियोजना सम्बन्धित



मुख्य गतिविधि तथा निर्माणमा भएको खर्चको विवरण प्रस्तुत गरेका छन् ।

उनका अनुसार ७ वटा कक्षा कोठाहरू भएको दुई भवनहरू, लैङ्गिक मैत्री शौचालय, १४८ मिटर घेराबार निर्माण भएको छ । त्यस्तै, इन्टेक तथा १९ सय ६५ मिटर पाईपलाइन बिछ्याएर दिगो खानेपानीको श्रोत व्यवस्थापन, प्रत्येक कक्षा कोठामा तथा अफिस कोठाको लागि फर्निचर, बालबालिकाको लागि खेल उद्यान तथा खेल सामाग्री, हात धुने स्थान निर्माण भएको बताइएको छ । दुई करोड २६ लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि दुप्चेश्वर गाउँपालिकाका अध्यक्ष योविन्द्रसिहं तामाङले सम्पूर्ण सुविधा सहित निर्मित भवन, शौचालय, खेलमैदानको व्यवस्थाले यस विद्यालय दुप्चेश्वर कै नमूना विद्यालयको रुपमा स्थापित भएको बताए ।

उनले पूर्णिमा कार्यक्रम र गाउँपालिका बीच सहकार्य भएको र गाउँपालिका दुई विद्यालयहरूमा निर्मित भौतिक सरंचनाहरूको लागि पूर्णिमा कार्यक्रमलाई धन्यवाद ज्ञापन गरेका छन् । तामाङले नवज्योति आधारभूत विद्यालयमा एक शिक्षकको कोटा स्वीकृत भैसकेको जानकारी दिए ।

## कविता

### जिन्दावाद र मुर्दावाद



**रामचन्द्र तिम्सिना(आवाज)**

रहरहरूको पिजडा भित्र
चाहानाहरूलाई बन्दी बनाउँदै
आफुले आफैलाई
न्यायको कठघरामा उभ्याएर
आउनुस कसैले जिन्दावाद भनौं ।
कसैले मुर्दावाद भनौं ।

स्वतन्त्रताका कलमहरू रोक्दै
न्यायप्रेमी आवाजहरू थुन्दै
संविधानका धाराहरू मिच्दै
आफुले आफैलाई
क्रान्तिकारी घोषणा गरेर
आउनुस कसैले मुर्दावाद भनौं ।
कसैले जिन्दावाद भनौं ।

कानुनहरूको हत्या गरेर
मानवताको बलात्कार गर्दै
सर्वोच्चको मृत लाश बोकेर
न्यायाधीशहरूको शवयात्रामा
आफुले आफैलाई मलामी बनाएर
आउनुस कसैले जिन्दावाद भनौं ।
कसैले मुर्दावाद भनौं ।

गुलामहरूको भिडमा
दासहरूको बस्तीमा
रैतीहरूको घर भित्र
यौनकर्मीहरूको ओछ्यानमा
आफुले आफैलाई सुताएर
आउनुस कसैले जिन्दावाद भनौं ।
कसैले मुर्दावाद भनौं ।

मलेसियाको जंगलबाट पुकार्दै
अरवका खाडीबाट रुँदै
कुवेतका कोठीबाट चिच्याउँदै
भारतका सिमाबाट घिच्याउँदै
आफुले आफैलाई
स्वाभिमानी मानेर
आउनुस कसैले जिन्दावाद भनौं ॥
कसैले मुर्दावाद भनौं ॥

*- म्यागङ- ५ सामरी, नुवाकोट*


# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**काहुले, नुवाकोट**

**प्रथम पटक प्रकाशित मितिः २०७८।११।०२**

१. यस कार्यालयबाट तपशिलमा उल्लेखित सार्वजनिक निर्माण कार्यको लागि शिलबन्दी दरभाउपत्र आव्हान गरी गराउनु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरु एवं सोलार सम्बन्धी सप्लायर्स कम्पनीहरुवाट विधुतिय खरिद प्रकृयामा सहभागी हुन आव्हान गरिएको छ ।
२. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारी किस्पाङ गाँउ कार्यपालिकाको कार्यालय, काहुले, नुवाकोटको कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिने छ । सोलार सम्बन्धी ठेक्काको पूर्ण जानाकारी E bidding portal, www.bolpatra.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
३. बोलपत्र फाराम दस्तुर तपशिलमा उल्लेख भए अनुसार (फिर्ता नहुने) यस कार्यालयको सानिमा बैंक ,किस्पाङ शाखामा रहेको राजश्व खाता नं. ०५९०१००४००००००८ मा नगद जम्मा गरेको भौचर सहित मूल्य अभिवृद्धि कर प्रमाण-पत्र , इजाजत प्रमाण-पत्र (आ.व.२०७८।०७९ को लागि नविकरण भएको) र आ.व.२०७७।०७८ सम्मको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
४. कार्यालयले E bidding portal, www.bolpatra.gov.np मार्फत् आब्हान गरेको दरभाउपत्र भरी दस्तखत र छाप लगाई कार्यालयलाई सम्बोधन गरेको दरभाउपत्र उल्लेखित मिति भित्र कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।
५. प्राप्त दरभाउपत्र उल्लेखित मिति र समयमा कार्यालयका प्रतिनिधिहरु र निर्माण व्यवसायी वा निजको प्रतिनिधिको रोहबरमा किस्पाङ गाम्उ कार्यपालिकाको कार्यालय, काहुले, नुवाकोटमा खोलिने छ ।
६. दरभाउपत्रसाथ दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा समेत पेश गर्नु पर्ने छ ।
७. दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको सानिमा बैंक, किस्पाङ शाखामा रहेको धरौटी खाता नं ०५९०१००२००००१५ को धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोही रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त 'क' बर्गको बाणिज्य बैंकवाट तल उल्लेखित म्याद भएको बैंक जमानी पत्र (Bid Bond) को अनिवार्य रूपमा सम्लग्न गर्नु पर्नेछ ।
८. दरभाउपत्र सम्बन्धी कार्य www.bolpatra.gov.np मा यस कार्यालयबाट प्रकाशित भएको Bidding Document अनुसार हुनेछ । दरभाउपत्र सम्बन्धी कागजात Bidding Document मा केहि छुट भएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ । यस सम्वन्धि अन्य कुरा बुझ्नुपरेमा फोन नम्वर ०१० ६८१२१७ बाट कार्यालय समय भित्र जानकारी प्राप्त गर्न सकिनेछ ।
९. रित नपुगी र म्याद नाघी आएको दरभाउपत्र स्वत वदर हुनेछ ।

**तपशिल :**

| ठेक्का नं. | कामको नाम | लागत अनुमान (मू.अ.कर र कन्टिजेन्सि बाहेक) | धरौटी रकम | बोलपत्र दस्तूर |
|---|---|---|---|---|
| 07/Kispang/Solar/ 078-079 | Supply and Installation of Solar Street Light (SSL) System | १५,१६,४००।०० | ४१,०००।०० | रू १००० /- |

**दरभाउपत्र खरिद, बिक्रि, दर्ता र बैंक ग्यारेन्टी सम्बन्धी बिवरण :**

| खरिद गर्ने अन्तिम मिति र समय | बुझाउने अन्तिम मिति र समय | खोल्ने अन्तिम मिति र समय | बैक ग्यारेन्टिको म्याद |
|---|---|---|---|
| २०७८/११/१६ कार्यालिय समय भित्र | २०७८/११/१८ दिनको १२:०० बजे भित्र | २०७८/११/१८ दिनको १:०० बजे | कम्तीमा ७५ दिन |

**प्रमुख प्रशासकीय अधिकृत**